**निर्णय नं १**

यस कनकासुन्दरी गाँउपालिका अध्यक्ष श्री दामोदर प्रसाद आचार्य ज्यूले मिति २०८१।०३।०९ गते को १५ औ गाँउसभा समक्ष प्रस्तुत भएको कनकासुन्दरी गाँउपालिकाको आ व २०८२।०८३ को नीति तथा कार्यक्रम सर्व सहमतिले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं २**

यस कनकासुन्दरी गाँउपालिका उपाध्यक्ष श्री प्रेमकलि बुढाले मिति २०८२।०३।३० गतेको १५ औ गाँउसभा समक्ष प्रस्तुत गर्नुभएको कनकासुन्दरी गाँउपालिकाको आ व २०८२।०८३ को अनुमानित  आय तथा व्यय सहितको बजेट आजको  गाँउसभा बैठकबाट सर्व सहमतिले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ३**

यस कनकासुन्दरी गाँउपालिका विधायन समितिका संयोजक श्री तेज बहादुर जि.सी ज्यूले मिति २०८२।०३।३० गतेको गाँउसभा समक्ष प्रस्तुत गर्नु भएको कनकासुन्दरी गाँउपालिकाको आ व ०८२।०८३ को आर्थिक ऐन २०८२ र विनियोजन ऐन २०८२ आजको गाँउसभा बैठकबाट सर्व सहमतिले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

यस कनकासुन्दरी गाँउपालिकाको १४ औँ गाँउसभा पछि भएका गाँउ कार्यपालिकाका विभिन्न मितिमा भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

यस कनकासुन्दरी गाँउपालिका भित्र सञ्चालनमा रहेका  सम्पूर्ण सरकारी एंव गैर सरकारी संघ सस्थाहरुको चालु आ व ०८१।०८२ को कार्य प्रगति तथा आगामी २०८२।०८३ का लागी पेश भएका कार्यक्रमहरु स्विकृत गरि गाँउपालिका भित्र कार्यक्रम सञ्चालन गर्ने दिने निर्णय  गरियो।

**निर्णय नं ६**

यस कनकासुन्दरी गाँउपालिकामा लामो समय देखि करार सेवामा रही कामकाज गर्दै आएका करारसेवाका कर्मचारीहरुको  औचित्यता तथा आवश्यकताका आधारमा वार्षिक रुपमा करार अवधि थप गरि आगामी आ व मा समेत निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं ७**

यस कनकासुन्दरी गाँउपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरु मध्ये बिगत आ व देखि २५ प्रतिशत साझेदारी तलब र स्थानिय भत्ता खाईपाई आएका सूचना प्रविधि अधिकृत दानसिह कार्की तथा रोजगार संयोजक हंसराज न्यौपानेलाई स्थानीय भत्ता राजश्व बाँडफाँड शिर्षकबाट भुक्तानी हुने गरि आगामी आ.व मा निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं ८**

यस कनकासुन्दरी गाँउपालिकाको वडा नं ४ हाटसिंजामा निर्माणाधिन १५ शैया अस्पतालमा निर्माण कार्यको बजेट विनियोजन भई गाउँपालिकामा प्रथम रनिङ विल प्राप्त भएको र सोहि बमोजिम कार्यपालिकाको निर्णय अनुसार भुक्तानी समेत भएकोले अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं ९**

यस कनकासुन्दरी गाँउपालिकामा रहेको कनकासुन्दरी मन्दिरका पुजारी तथा सहयोगी (पाले)लाई बिगत आ व देखि उपलब्ध गराउदै आएको मासिक पारिश्रमिक रकम निरन्तरता गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

यस गाँउपालिका पशुपालनको एकदमै सम्भावना भएको गाँउपालिका भएकाले भेडा तथा बाख्रा श्रोतकेन्द्र स्थापनाका लागी प्रदेश सरकार तथा संघिय सरकारमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं ११**

यस कनकासुन्दरी गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि जग्गा उपलब्ध भएको हुँदा प्रशासनिक भवन निर्माणको लागी आवश्यक पर्ने बजेट संघिय सरकार, प्रदेश सरकारमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं १२**

यस गाँउपालिकामा उत्पादनहुने कृषिउपजका बस्तुहरुमा रासायनिक मल तथा बिषादी प्रयोग गरि अर्गानिक उत्पादनमा कमि हुन गईरहेकाले यसरी रासायनिक मल तथा बिषादी प्रयोग गर्न निरुत्साहित गर्नुका साथै प्रयोग गर्ने कृषकलाई अनुदानका कार्यक्रम नदिने निर्णय गरियो ।

**निर्णय नं १३**

यस गाँउपालिकाको पञ्जिकरण शाखामा काम गर्ने एम आई एस अपरेटर दिपेन्द्र प्रसाद उपाध्याय र फिल्ड सहायक मनोज आचार्यको ६ महिनाको तलब तथा रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक सहायक ईश्वर जंग आचार्य र रोजगार सहायक चन्द्र बहादुर कार्कीको शत प्रतिशत तलव बापतको रकम साझेदारी/भुक्तानी हुने गरि आगामी आ. व मा समेत निरन्तरता गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

यस गाँउपालिकामा कार्यरत एक गाँउ एक प्राविधिकको रुपमा कार्यरत कृषि तथा पशु प्राविधिकहरुको नपुग तलब रकम गाँउपालिकाको आन्तरिक आयबाट ब्ययभार हुने गरि साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

यस गाँउपालिकाको आर्थिक तथा प्रशासनिक निर्णयहरु गरी दैनिक कार्य सञ्चालन गर्नका लागी गाँउ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गाँउ सभाबाट सर्व सहमतिले पारित गरियो ।

**निर्णय नं १६**

यस गाँउपालिकाको आ व २०८२।०८३ को खरिद योजना गर्ने तथा आ व २०८१।०८२ को हाल सम्म गाँउपालिकाले खरिद गरेको पुजिगत सामान र कार्यालय सामानमा खर्च भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

यस कनकासुन्दरी गाँउपालिकाले आगामी आ व २०८२।०८३ को खरिद योजना र योजनाको कार्यक्रम पुस्तिका श्रावण महिना भित्र छपाई योजनाहरुको निर्माण कार्यहरुको समय तालिका बनाई कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १८**

यस गाँउपालिका भित्र निर्माण हुने केही योजनाहरु जनताको आवश्यक्ता भन्दा पनि पहुँचका आधारमा सिधै आउने तथा त्यस्ता योजनाहरुको दोहोरोपना हुने तथा निर्माण कार्यको गुणस्तर कायम गराउन नसकी आयोजना दिर्घकालिन नहुने भएकाले आयोजना सञ्चालन गर्ने बिषयगत कार्यालय, सरकारी एंव गैर सरकारी संघ संस्था

,संघिय सरकार तथा प्रदेश सरकारले गाँउपालिकाको अनिवार्यरुपमा प्रत्यक्ष निगरानी तथा समन्वयमा योजना सञ्चालन गर्न गराउन हुन सम्बन्धित सबै निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं १९**

यस गाँउपालिकाको वडा नं १ एकदमै बिकट रहेको र सो वडामा सञ्चालनमा रहेको एकमात्र बुम्रमाढीचौर स्वास्थ्य चौकीमा स्वास्थ्य सेवा लिनलाई ४।५ घण्टा हिडेर जानु पर्ने भएकाले सो वडाका सबै नागरिकलाई स्वास्थ्यको पँहुचमा ल्याउन नसकिएकाले सो वडाको रिया तथा मर्फान गरी दुई ठाँउमा थप आधारभूत स्वास्थ्य केन्द्र स्थापनाका लागी आवश्यक जनशक्ती व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं २०**

यस कनकासुन्दरी गाँउपालिकामा कार्यरत सामुदायिक बिधालयका शिक्षक शिक्षिकाहरुलाई बार्षिक १५० दिनको प्रति दिन रु ५०।– पचास मात्र का दरले दिवा खाजा दिने निर्णय गरियो।

**निर्णय नं २१**

यस गाँउपालिकाको सुरक्षाका लागी रातीको समयमा पालो पहरामा खटिने कार्यालय सहयोगीहरुलाइ मासिक रुपमा रु ४०००। पालो पहरा भत्ता दिने निर्णय गरियो।

**निर्णय नं २२**

यस कनकासुन्दरी गाँउपालिकाका बिभिन्न वडाहरु तथा बिषयगत शाखाहरुबाट पेश भएका कार्यक्रम तथा योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं २३**

कनकासुन्दरी गाउँपालकाको चालु आ व २०८१।०८२ मा खर्च भएर जाने र खर्च भएर नजाने समानहरुको खरिद प्रकृया मार्फत भएको खर्च र विभिन्न प्रकृयाबाट खरिद गरिएका बोलपत्र आवह्वानको माध्ययमबाट भएका खर्च रकमलाई सर्व सहमतिले अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं २४**

कनकासुन्दरी गाउँपालिकाको आ व २०८१।०८२ को न्यायीक समितिको प्रतिबेदन उपर आवश्यक छलफलका गरि आगामी आ व मा प्रभावकारी र नियमित रुपमा न्यायीक समितिमा पेश भएका निबेदन उपर समयमै नियमानुसार कार्यन्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं २५**

कनकासुन्दरी गाउँपालिकाको चालु आ व २०८२।०८३ को गुनासो तथा सुझाव संकलन पेटिकामा प्राप्त सुझावहरुलाई कार्यन्वयन गर्नको लागी सम्बन्धित विषयगत शाखा र वडाहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं २६**

कनकासुन्दरी गाउँपालिकाको आ व २०८०।०८१ को अन्तिम लेखा परिक्षणको लागी महालेखा परिक्षकको कार्यालय अनामनगर द्धारा खटिएको डोरबाट लेखा परिक्षको कार्य सम्पन्न भइ प्राप्त प्रतिबेदनमा औल्याइएका सैदान्तिक बेरुजु, अनियमित बेरुजु, प्रमाण पेश गर्ने बेरुजु र असुल उपर हुने बेरुजु सम्बन्धमा प्राप्त प्रतिबेदनको बुदाँ नं १ देखी ११५ सम्मका प्रत्येक बुदाँमा छलफल गरि सैदान्तिक बेरुजुमा प्राप्त सुझाव र निर्देशनलाई पूर्ण रुपमा

कार्यन्वयन गर्ने, अनियमित वेरुजुलाई नियमित गर्ने तर्फ प्रक्रिया अगाडी बढाउने, प्रमाण पेश नभएका बेरुजुलाई प्रमाण पेश गर्ने र असुल उपर बेरुजुलाई असुल उपर गर्ने तर्फ आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं २७**

गाउँपालिकाको आ व २०८०।०८१ को अन्तिम लेखा परिक्षणबाट प्राप्त प्रतिबेदनको दफा १० मा उल्लेखित कार्यालयले कट्टी रकम दाखिला तथा भुक्तानी गर्न बाँकी रकमलाई आर्थिक वर्षको अन्त सम्ममा भुक्तानी दाखिला गर्न तयार गर्नु पर्नेमा वित्तिय प्रतिवेदनको अन्तिम भुक्तानी तर्फको वित्तिय विवरण म.ले.प.फा.नं २७० मा कट्टी रकम भुक्तानी दाखिला गर्न रु ९,६८,४८६ बाँकी देखिएको रकम दाखिलाको लागी पहल गर्ने गरियो।

**निर्णय नं २८**

गाउँपालिकाको आ व २०८०।०८१ को अन्तिम लेखा परिक्षणबाट प्राप्त प्रतिबेदनको दफा ५४ मा उल्लेखित सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरि नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तनी गर्नु पर्ने व्यवस्था छ। केन्द्रबाट छनौट भएको नमुना विद्यालयको भवन निर्माण अन्तर्गत क्रमागत रुपमा निर्माण भइ रहेको महादेव मा वि को भवन निर्माणका लाग आर्थिक वर्ष २०८०।०८१ मा रु ६,५९,७,३५६ को लागत अनुमान तयार गरि विद्यालय सँग खरिद सम्झौता भएकोमा विद्यालयले प्रथम रनिङ विल वापत रु ४०,६१,२२७ को प्राविधिक विल पेश गरेको छ। पालिकाले २० प्रतिशत उपभोक्ता समितिको योगदान कट्टा गरि रु ३२,४९,०२२ मात्र भुक्तानी गर्नु पर्नेमा भौ नं ३३ २०८०।०२।३० बाट रु ४०,६१,२२७ पुरै भुक्तानी गरेको देखाएको। सम्झौता बमोजिम उपभोक्ता समितिको अंश कट्टा नगरेका कारण रु ८,१८,२२५ बढि भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल भई दाखिला भएको भौचर प्राप्त भएको हुदा बेरुजु फछ्यौंटको लागी सम्बन्धित निकायमा पेश गर्न निर्णय गरयो।

**निर्णय नं २९**

गाउँपालिकाको आ व २०८०।०८१ को अन्तिम लेखा परिक्षणबाट प्राप्त प्रतिबेदनको दफा ५५ मा उल्लेखित आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षिय खरिद र विषेश परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नु पर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। महादेव मा वि काभ्राको भवन निर्माणका लागी आर्थिक वर्षको २०७९।०८० मा रु १२,०००,४५० को लागत अनुमान स्वीकृत गरि उपभोक्ता समिति सँग मिति २०८०।०३।१५ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरि मिति २०७९।०३।२४ मा खरिद सम्झौता भएकमा मिति २०८०।०३।१५ मा खरिद सम्झौताको म्याद समाप्त भएको र विद्यालयले मिति २०८०।०३।२४ मा रु ४६,३१,६३२ विल भुक्तानीका लागी पालिकामा निवेदन दिएकोमा पालिकाले गत वर्षको भुक्तानी दिन बाँकी खाता तथा कच्चावारी मलेपफानं २२१ प्रमाणित नगरि यस वर्ष भौ नं ४ र ५ २०८०।०६।२५ मा रु ४६,३१,६३२ भुक्तानी दिएको भनि बेरुजु उपर छलफल गरि आवश्यक कागजात पेश भएकाले वेरुजु फछ्यौंटका लागी सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३०**

गाउँपालिकाको आ व २०८०।०८१ को अन्तिम लेखा परिक्षणबाट प्राप्त प्रतिबेदनको दफा ६३ मा उल्लेखित मिति २०८१।०३।१० गते निर्माण कार्य सम्पन्न गर्ने गरि निर्माण व्यवसायी आरआइडिएआरसि रविचन्द्र जे भी सँग मिति २०८०।०३।१० मा रु २५६११२४० को खरिद सम्झौता भएकोमा हाल सम्म रु २,१७,१०,३१९ भुक्तानी भएको रकमको विल भरपाईको आधारमा नपुगेको रु २,९२,१८९ बाट १४२००० बरावरको प्रमाण पेश भएकोले बेरुजु फछर्यौटको लागी सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३१**

गाउँपालिकाको आ व २०८०।०८१ को अन्तिम लेखा परिक्षणबाट प्राप्त प्रतिबेदनको दफा ६६ मा उल्लेखित स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाको स्वीकृत वार्षिक वजेटको अधिनमा रहि कुनै शिर्षकबाट पुजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकामान्तर गर्न नसकिने व्यवस्था अनुरुप पालिकाको पुजिगत तर्फ योजनामा विनियोजन गरेको बजेट ४३,३१,६५४ चालु प्रकृतिको खर्च शिर्षकमा कार्यपालिकाको विभिन्न मितिमा भएको आवश्यकता र औचित्यताको आधारमा बजेट वनियोजन गरि खर्च गरिएको पुजिगत शिर्षकबाट चालु प्रकृतिका शिर्षकमा खर्च गर्न नपाइने व्यवस्था भए बमोजिम आगामी दिनमा यस प्रकृतिका खर्च क्रमश घटाउदै लैजाने प्रतिवद्धता सहित अनियमित बेरुजुलाई नियमित गर्ने निर्णय गरियो। साथै सही बमोजिम बेरुजु फछर्यौटको लागी सम्बन्धि निकायमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३२**

गाउँपालिकाको आ व २०८०।०८१ को अन्तिम लेखा परिक्षणबाट प्राप्त प्रतिबेदनको दफा ९३ मा उल्लेखित खानेपानी सरसफाई तथा स्वच्छता आयोजना सुस्वाको तेस्रो सुपरिवेक्षणको बैठकबाट स्वीकृत आयोजना कार्यन्वयन पुस्तिका वास इकाइका कर्मचारीहरुले पाउने सेवा सुविधाको स्पष्ठ व्यवस्था गरेको छ। तर पालिकाको वोर्डको स्वीकृत नर्म्स वेगर खानेपानी तथा स्वच्छता इकाइका कर्मचारीहरुको भत्ता खर्च भुक्तानी भएको रु ३६७५७२ असुल गरि बेरुजु फछर्यौटका लागी पहल गर्ने निर्णय पारित गरियो।

**निर्णय नं ३३**

आ व २०८१।०८२ मा विनियोजन भई सबै प्रकारका चालु तथा पुजिगत खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३४**

कनकासुन्दरी गाउँपालिका वडा नं ४ मा निर्माणाधिन १५ शैया अस्पतालको APG म्याद थप नभई पेश्की जोखिममा रहि महालेखा परिक्षकको कार्यालयले औल्याएको बेरुजु उपर छलफल गर APG को म्याद थप भई सकेकोले सोही बमोजिम फछर्यौटका लागी सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं ३५**

नेपाल विधुत प्राधिकरण जुम्लाले यस कार्यालयबाट विभिन्न मितिमा लिएको पेश्की रकम फछर्यौटका लागी आवश्यक कागजात पेश भई कार्यपालिकाको निर्णय बमोजिम पेश्की फछर्यौट भई सकेकोले सोही बमोजिम सम्बन्धित निकायमा प्रमाण पेश गरि फछर्यौट गर्ने निर्णय गरियो।

**निर्णय नं ३६**

यस गाँउपालिकाका बिभिन्न गाँउ बस्तिहरुबाट माग भै आएका तपसिलमा उल्लेखित योजनाहरु गाँउपालिकाको श्रोत साधनले निर्माण गर्न नसकिने भएकाले उक्त आयोजनाहरु निर्माणका लागी संघिय सरकार तथा प्रदेश सरकार लाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वय न हुने स्थान | अनुमानित लागत |
|---|---|---|---|
| १ | ने रा मा वि मालिकाबोता ८ कोठे पक्कि भवन निर्माण | वडा नं २ | **२ करोड** |
| २ | ने रा मा वि शिक्षक दरबन्दि माग | वडा नं २ | **८ लाख** |
| ३ | मालिका मन्दिर निर्माण | वडा नं २ | **२० लाख** |
| ४ | आ वि ग्वातिखोला ४ कोठे पक्कि भवन निर्माण | वडा नं २ | **५० लाख** |
| ५ | राजमार्ग हुदै रुगापानी हुदै ग्वातिखोला सम्म पि सि सि बाटो निर्माण | वडा नं २ | **१८ लाख** |
| ६ | आ वि देविचौर जिअ नयाँ नर्सरी घेरबार | वडा नं २ | **१९ लाख** |
| ७ | आ वि देविचौर जिअ इ सि डि दरबन्दी | वडा नं २ | **२ लाख ५० हजार** |
| ८ | कोट पहाड देखि थाप्के पुल सम्म प सि सि बाटो निर्माण | वडा नं २ | **५० लाख** |
| ९ | नौमुली तथा च्याउखोला खानेपानी मर्मत | वडा नं २ | **१५ लाख** |
| १० | केशरीपाल मन्दिर निर्माण | वडा नं २ | **२५ लाख** |
| ११ | झुलानी देखी मोट्टेमोड सम्म रुपलाइन विस्तार | वडा नं २ | **७० लाख** |
| १० | बल्खे देखि गानी मन्दिर सम्म बाटो निर्माण | वडा नं२ | **१० लाख** |
| ११ | राजमार्ग देखि पुनेराको कुलमोडा सम्म RCC सडक निर्माण | वडा न २ | **१० करोड** |

| | | | |
|---|---|---|---|
| १२ | विधुत घर देखि लुम्विनी डिल सम्म प्यानेस्टम पाईप सूरक्षाको लागी तटबन्धन निर्माण | वडा न २ | **२१ लाख** |
| १३ | रोत नौमुले कृतिम ताल निर्माण | वडा न २ | **१० करोड** |
| १४ | लाहा देखि मेलविसौना सम्म झो पु निर्माण | वडा न २ | **५ करोड** |
| १५ | बुढा घट्ट देखि खाडा पानि सम्म सिचाई | वडा न २ | **१० लाख** |
| १६ | महासागु देखि उच्चासाँगु सम्म तटबन्धन निर्माण | वडा न २ | **१० करोड** |
| १७ | ग्वातिखोला आधुनिक घट्ट निर्माण | वडा न २ | **२० लाख** |
| १८ | राजमार्ग देखि मडापोल्ना सम्म तटबन्धन निर्माण | वडा न २ | **२५ लाख** |
| १९ | रोत नौमुले देखी गानि सिँचाइ तथा खानेपानी आयोजना | वडा नं २ | **३ करोड** |
| २० | खानिखोला ग्रामिण सडक निर्माण | वडा नं ३ | **५० लाख** |
| २१ | ओखरपाटा गाउँदेख दहचौर गोरेटो बाटो निर्माण | वडा नं ३ | **१५ लाख** |
| २२ | ओखरपाटा विधुत फलामे पोल | वडा नं ३ | **५० लाख** |
| २३ | ओखरपाटा अधुरो फिल्ड निर्माण | वडा नं ३ | **५० लाख** |
| २४ | कैलास आ वि घेराबार निर्माण | वडा नं ३ | **२० लाख** |
| २५ | लुमदुवा कोइलिचरी मा वि जोडेलबाडा कृषि सडक निर्माण | वडा नं ३ | **५० लाख** |
| २६ | लुमदुवा ढ्याम गोरेटो बाटो निर्माण | वडा नं ३ | **१५ लाख** |
| २७ | बत्तिघर हुदै ग्रामिण सडक निर्माण | वडा नं ३ | **१५ लाख** |
| २८ | गोठेलबाडा ढल निकासा | वडा नं ३ | **१ करोड** |
| २९ | बृद्ध आश्रम तथा ज्ञान केन्द्र स्थापना | वडा नं ४ | **५० लाख** |
| ३० | चाकपोड कोट देखी गुप्तपोखरी जाने पथ मार्थ | वडा नं ४ | **२० लाख** |

| | | | |
|---|---|---|---|
| ३१ | ऐतिहासिक सिउबाध संरक्षण | वडा नं ४ | **१० लाख** |
| ३२ | प्रा बि साहुवाडा ४ कोटे पक्की भवन निर्माण | वडा नं ४ | **५० लाख** |
| ३३ | गडगाउँ देखी वामनवाडे चार सम्म बाटो निर्माण | वडा नं ४ | **२० लाख** |
| ३४ | डावाडिल देखी दाँते ओखर हाटसिँजा जाने अधुरो बाटो निर्माण | वडा नं ४ | **१० लाख** |
| ३५ | दमाई वाडा देखी भुवानी खोला बाटो निर्माण | वडा नं ४ | **५ लाख** |
| ३६ | दलबहादुरको घर देखी बाडपाल मन्दिर हुदै कालीका मन्दिर सम्म सिडी निर्माण | वडा नं ४ | **१० लाख** |
| ३७ | कोटखोला लामा मन्दिर घेराबार | वडा नं ४ | **१० लाख** |
| ३८ | भगवान गौतमबुद्धको शालिक निर्माण थाप्ला | वडा नं ४ | **५० लाख** |
| ३९ | कनकासुन्दरी मन्दिर तथा सिँजा दरबार क्षेत्र प्रवेश द्धार निर्माण | वडा नं ४ | **२० लाख** |
| ४० | स्यालाखेतीयोग्य जमिन घेराबार | वडा नं ४ | **२० लाख** |
| ४१ | तल्लो चौकी देखी माथि चौकी सम्म पि सि सि बाटो निर्माण | वडा नं ४ | **१० लाख** |
| ४२ | माइकाधारा देखी मालिकाधारा मालिका मन्दिर सम्म पर्यटकिय पद मार्ग | वडा नं ४ | **५० लाख** |
| ४३ | कालेचौर देखि भैलेपाटा आ वि सम्म पि सि सि बाटो निर्माण | वडा नं ४ | **२० लाख** |
| ४४ | सुनार जिउला देखी भैसेरी पुल सम्म दुबै तर्फ तटबन्धन | वडा नं ४ | **१ करोड ५० लाख** |
| ४५ | मन्जाउ चौर जाने खोलामा ट्रस पुल | वडा नं ४ | **७० लाख** |
| ४६ | हाटसिजा ढल निकास | वडा नं ४ | **३५ लाख** |

| | | | |
|---|---|---|---|
| ४७ | स्यालाकोट झो पु निर्माण | वडा नं ४ | **३५ लाख** |
| ४८ | फुलपाती चौर हुदै हुडेखोली सम्म बाटो निर्माण | वडा नं ४ | **१० लाख** |
| ४९ | लेखपोर देखी खाटे ढुङ्गा सम्म सडक निर्माण | वडा नं ४ | **१ करोड** |
| ५० | बन्दिराज सिँचाइ कुलो निर्माण | वडा नं ४ | **५० लाख** |
| ५१ | मुल देखी मुलपाटा सम्म अधुरो बाटो निर्माण | वडा नं ४ | **७५ लाख** |
| ५२ | मुल देखी जचौरी खानेपानी | वडा नं ४ | **५० लाख** |
| ५३ | मुसेदानी देखी सोमे हुदै लामा विण्णु मन्दिर सम्म जाने बाटो निर्माण | वडा नं ४ | **२५ लाख** |
| ५४ | कोट खडेनी झो पु निर्माण | वडा नं ४ | **३५ लाख** |
| ५५ | चाखा खेतीयोग्य जमिन घेराबार | वडा नं ४ | **२५ लाख** |
| ५६ | चाकपाडे घट्ट संरक्षणका लागी तटबन्धन | वडा नं ४ | **१० लाख** |
| ५७ | टौवाखोरिया देखी धुपी रुख लेखपोर सिँचाइ पोखरी निर्माण | वडा नं ४ | **२० लख** |
| ५८ | कोट सिँचाइ पोखरी निर्माण | वडा नं ४ | **१० लाख** |
| ५९ | सिँजा खष सभ्यता संग्राहलय निर्माण | वडा नं ४ | **१ करोड** |
| ६० | मेज्या सिँचाइ तथा खानेपानी आयोजना | वडा नं ४ | **३० लाख** |
| ६१ | स्यालकोट चिउम्या सिँचाइ कुलो निर्माण | वडा नं ४ | **३० लाख** |
| ६२ | कनकासुन्दरी मन्दिर देखी मालिका धारा मन्दिर सम्म रुपलाइन | वडा नं ४ | **५० लाख** |
| ६३ | शिव मन्दिरमा धर्मशाला तथा गेट निर्माण | वडा नं ४ | **१५ लाख** |
| ६४ | हिमानदी आफुडाडा लिफ्ट सिँचाई | वडा नं ४ | **४० लाख** |
| ६५ | मुनेदह हाटसिँजा सिँचाइ कुलो | वडा नं ४ | **५० लाख** |

| | | | |
|---|---|---|---|
| ६६ | धोविघाट खोला जलविद्युत मुहान संरक्षण र ट्याङ्की निर्माण | वडा नं ४ | **५० लाख** |
| ६७ | बन्दिराज सिँचाइ कुलो | वडा नं ५ | **५० लाख** |
| ६८ | भैसेरी देखी बडुवालवाडा सम्म गड्कुलो | वडा नं ५ | **५० लाख** |
| ६९ | आँपेडाडा वडुवालवाड हुदै पारी वडुवाल जोड्ने रोड | वडा नं ५ | **३० लाख** |
| ७० | लौडीसिम वडा कार्यालय हुदै गोठीजिउला रोड निर्माण | वडा नं ५ | **७० लाख** |
| ७१ | अगाउ रुख देखी नुनाडे खोला तडबन्धन | वडा नं ५ | **१ करोड** |
| ७२ | उपरखेत सिँचाइ पोखरी | वडा नं ५ | **६० लाख** |
| ७३ | हिमानदी लघुजलविद्युत निर्माण | वडा नं ५ | **१ करोड** |
| ७४ | महेन्द्रमल्ली जलविद्युत स्तरउन्ती | वडा नं ५ | **४० लाख** |
| ७५ | टापुजिउला तटबन्धन सिम्पाटी | वडा नं ५ | **७० लाख** |
| ७६ | लासीपाटन तटबन्धन | वडा नं ५ | **७५ लाख** |
| ७७ | सार्केधारा देखी ठाडागुम्ला सम्म सडक निर्माण | वडा नं ५ | **३५ लाख** |
| ७८ | लासीपाटन ट्रस पुल निर्माण | वडा नं ५ | **१ करोड** |
| ७९ | लौडी सिम पुल निर्माण | वडा नं ५ | **२ करोड** |
| ८० | बडुवालवाडा देखी गोरुचौर राजमार्ग जोड्ने सडक निर्माण | वडा नं ५ | **७० लाख** |
| ८१ | जचौरी पछाई RCC कुलो निर्माण | वडा नं ६ | **२० करोड** |
| ८२ | लौरी सिम विराट लिफ्ट सिचाई | वडा नं ६ | **५० करोड** |
| ८३ | गोरुचौर पिरिमला मत्ता कौराड हुदै कोट सडक निर्माण | वडा नं ६ | **८० लाख** |
| ८४ | वडा नं ६ भित्रका ३ वटा ढल निकास | वडा नं ६ | **३० करोड** |
| ८५ | कालिसिल्ता थान निर्माण | वडा नं ६ | **१० लाख** |

| | | | |
|---|---|---|---|
| ८६ | गुराको बनमन्दिर निर्माण | वडा नं ६ | **१० लाख** |
| ८७ | बाटपाला दातेओखर मन्दिर निर्माण | वडा नं ६ | **१५ लाख** |
| ८८ | पिरमिले चौर देखि विराट दरबार सम्म केबुलकार निर्माण | वडा नं ६ | **२ अर्व** |
| ८९ | लौडिसिम देखि गोठिज्युला बजार सम्म तटबन्धन | वडा नं ६ | **५० करोड** |
| ९० | कवालाटो मस्टो मन्दिर निर्माण | वडा नं ६ | **१० लाख** |
| ९१ | शिव मन्दिर मर्मत तथा घेरवार सहित गेट निर्माण | वडा नं ६ | **४० लाख** |
| ९२ | सेरी साटा ट्रसपुल निर्माण | वडा नं ७ | **१ करोड ५० लाख** |
| ९३ | तल्लो रानिसैन गाउँ ढल निकासा | वडा नं ७ | **५ करोड** |
| ९४ | गमरखोला तटबन्धन | वडा नं ७ | **१ करोड** |
| ९५ | माथिल्लो रानिसैन RCC बाटो | वडा नं ७ | **१ करोड** |
| ९६ | कालामाटा देख गमरखोला सम्म ढल निकासा | वडा नं ७ | **७० लाख** |
| ९७ | झाउटेबाडा देखि गरुड नुहानि सम्म ग्रामिण सडक निर्माण | वडा नं ७ | **६० लाख** |
| ९८ | कालामाटा देखि घर जिउला सम्म RCC कुलो निर्माण | वडा नं ७ | **४० लाख** |
| ९९ | गरखोलादेखि बैदारबाडा सम्मा RCC कुलो निर्माण | वडा नं ७ | **३० लाख** |
| १०० | रोकायबाडा खानेपानी निर्माण | वडा नं ७ | **१५ लाख** |
| १०१ | देहारपाटा खानेपानी निर्माण | वडा नं ७ | **१५ लाख** |
| १०२ | बैदारबाडा खाने पानी निर्माण | वडा नं ७ | **४० लाख** |
| १०३ | पाण्डुसेरा सिचाई कुलो निर्माण | वडा नं ७ | **१ करोड** |
| १०४ | राजमार्ग देखि बाणगंगा सम्म RCC बाटो | वडा नं ७ | **१ करोड** |
| १०५ | थाप्ला कुर्के खानेपानी निर्माण | वडा नं ७ | **३० लाख** |

| | | | |
|---|---|---|---|
| १०६ | अवखर देखि छालसेरी सम्म सडक स्थर उन्नती | वडा नं ७ | **५० लाख** |
| १०७ | प्याकुरेबाडा देखि कुर्के सम्म सडक निर्माण | वडा नं ७ | **५० लाख** |
| १०८ | रानिसैन देखि गैरा खर्क सम्म सडक निर्माण | वडा नं ७ | **१ करोड** |
| १०९ | देहारपाटा महाचौर सम्मा सडक निर्माण | वडा नं ७ | **५० लाख** |
| ११० | रोकायबाडा देहारपाटा हुदै विराट सम्मा सडक निर्माण | वडा नं ७ | **१ करोड** |
| १११ | देहारपाटा गाउँभित्र PCC बाटो निर्माण | वडा नं ७ | **५० लाख** |
| ११२ | सिमजिउला देखि झिम्रीघट्ट सम्म तटबन्धन सन्ज्यालबाडा | वडा नं ८ | **१ करोड ५० लाख** |
| ११३ | हिमानदि चौरीसिम हुदै कालिका थानसम्म लिफ्ट सिचाइ आयोजन | वडा नं ८ | **३ करोड** |
| ११४ | पाण्डुसेरा गाउँ रिङ रोड हुदै वडा कार्यालय कोटघर सम्म ग्रामिण सडक | वडा नं ८ | **२ करोड** |
| ११५ | बाख्रेचौर देखि ठाँणा सम्मा ग्रामिण सडक | वडा नं ८ | **५० लाख** |
| ११६ | बाडिआग्ला देखि सामरहाला जिउला सम्म लिफ्ट सिचाई योजना | वडा नं ८ | **१ करोड ५० लाख** |
| ११७ | राजमार्ग देखि हिमानदि सम्म ढल निकास योजना | वडा नं ८ | **८० लाख** |
| ११८ | ढुङ्गे धारा देखि राजमार्ग सम्म ढल निकास | वडा नं ८ | **४० लाख** |
| ११९ | सिन्केचौर देखि भट्ट साँगु सम्म PCC बाटो निर्माण | वडा नं ८ | **३५ लाख** |
| १२० | लाटोमस्टो थान निर्माण र घेराबार | वडा नं ८ | **१५ लाख** |
| १२१ | लौरी सिम देखि झिम्रीकुना सम्म सिचाई कुलो निर्माण | वडा नं ८ | **३ करोड** |

| | | | |
|---|---|---|---|
| **१२२** | कुनौटा देखि तिखाझूर सम्म सिचाई कुलो निर्माण | वडा नं ८ | **३ करोड** |
| **१२३** | बडियाला  बालुकुलो निर्माण | वडा नं ८ | **४० लाख** |
| **१२४** | गैहीज्यूला भित्रिकुलो निर्माण | वडा नं ८ | **७० लाख** |
| **१२५** | वाड देखि पनाडे सम्म सिचाइ कुलो निर्माण | वडा नं ८ | **८० लाख** |
| **१२६** | सेरिकोट देख आलघट्ट हुदै भट्ट साँगु सम्म ग्रामिण सडक निर्माण | वडा नं ८ | **३० लाख** |
| **१२७** | कोटघर बुढासिम सडक निर्माण | वडा नं ८ | **२ करोड** |

**निर्णय नं ३७**

यस कनकासुन्दरी गाउँपालिकाको गाउँ सभाको १५ औं बजेट अधिवेशनलाई सफल पार्न सहयोग गर्न हुने गाउँपालिका उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, गाउँपालिका सदस्यहरु र उक्त कार्यमा खटिनु हुने गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई स्व धन्यबाद व्यक्त गर्दै १५ औं बजेट अधिवेशनका अध्यक्ष श्री दामोदर प्रसाद आचार्य ज्यूबाट समापन भएको घोषणा गर्ने निर्णय गरियो ।